आज मिति २०७८ साल साउन ३० गते प्रमुख जिल्ला अधिकारी श्री लीलाधर अधिकारीको अध्यक्षतामा देहायका पदाधिकारीहरूको उपस्थितिमा जिल्ला विपद व्यवस्थापन समितिको बैठक राजापुर नगरपालिका, नगर कार्यपालिका कार्यालय राजापुरमा सम्पन्न भयो।

## उपस्थिति

अध्यक्ष : श्री लीलाधर अधिकारी, प्र.जि.अ.
सदस्य : श्री प्रेमलाल थारू ने.का. प्रतिनिधि
" : श्री —— ने.क.पा. "
: श्री शिव प्रसाद थारू, नगर प्रमुख, राजापुर न.पा.
: श्री दुर्गा बहादुर थारू, " ", मधुवन "
: श्री शालिकराम अधिकारी, " , बाँसगढि "
: श्री धुन नारायण श्रेष्ठ, " , ठाकुरबाबा "
: श्री गणेश ब. के.सी. , " , मधुवन "
: श्री गुलीनाथ यादव " , गुलरिया "
: श्री लाल ब. श्रेष्ठ, अध्यक्ष, बढैयाताल गा.पा.
: श्री हेम कुमारी थुल्नी, उपाध्यक्ष, गेरुवा "
: श्री केदार रजौरे, प्र.उ., जि.प्र.का., बर्दिया
: श्री नर बहादुर रावत, श.प्र.उ., ३१ नं ग, बर्दिया
: श्री योगेन्द्र के.सी., उ.अ., नि.रा.अ.जि.का.
श्री श्याम साही, सेनानी, श्रीव प्रसाद गण गुल्म
: श्री सन्तोष पौडेल, पत्रकार महासंघ प्रतिनिधि
श्री चन्द्र ब. थापा ने.रे.सो. ~~सहसचिव~~ अध्यक्ष, प्रतिनिधि
श्री नारायण प्र. ढकाल – सदस्य सचिव

## आमन्त्रित

माननिय ~~दिपेश~~ ~~सन्तोष~~ दिपेश कुमार थारू ~~दिपेश~~, प्रदेश नं ५, प्रदेश सभा सदस्य
श्री गनकला कुमारी चौधरी, राजापुर न.पा., उप-प्रमुख
श्री विष्णु प्र. श्रेष्ठ, प्रमुख संरक्षण अधिकृत, बर्दिया राष्ट्रिय निकुञ्ज
श्री नन्दबहादुर गुरुङ, प्रमुख सेनानी, शिव दल गण, बर्दिया
श्री धर्म कुमार न्यौपाने, कर्णाली नदि व्यवस्थापन आयोजना प्रमुख
श्री बसन्तराज अधिकारी, प्र.प्र.अ. राजापुर न.पा.
श्री अमृत बहादुर शाही, बाबर्दिया न.पा., लेखा अधिकृत
श्री बसन्त जंग मल्ल, राजापुर न.पा., " "
श्री सन्तोष चौधरी, स.व.अ., डि.वि.भी., बर्दिया

श्री अशिम थापा, स.सं.अ. ब.रा.नि ।

सुरेन्द्र बहादुर ठगुन्ना – सामाजिक विकास तथा अनुसन्धान केन्द्र

श्रीमती. गान्दीप लाल कायस्थ कोशियाबाट वाङ्मय साहित्य प्रकाशक

निर्णय नं १

कर्णाली नदिमा नदिले सतर्कता तह पार गरेको राजापुर नगरपालिकाको वडा नं.३ तिग्रामा कटान गरी बस्तितर्फ प्रवेश गर्न लागेको छ । यस ठाँउबाट कर्णाली नदी पसेमा राजापुर नगरपालिकाका वडा नं. ३,४ र ७ का करिब ३००० घरधुरी बिस्थापित भइ ठूलो जनधनको नोक्सानी हुने देखिएको छ । यस स्थितिमा सो संभावित विपदबाट हुनसक्ने क्षतिलाई न्यूनिकरण गर्न तत्काल देहाय बमोजिम गर्न आवश्यक देखिएकोले सो अनुरुप गर्ने ।

क) कटान तिब्र भइरहेको स्थानमा कर्णाली नदी नियन्त्रण आयोजना, राजापुर नगरपालिका, राजनैतिक दल तथा सुरक्षा निकाय, स्थानिय समुदायका जनशक्ति तथा स्रोत परिचालन गरी तत्काल रोकथामका लागि Spur निर्माण गर्ने ।

ख) साविकमा कर्णाली नदी दुई भागमा विभक्त भई बहदै हाल राजापुर नगरपालिका तथा गेरुवा गाँउपालिकाको पश्चिम भागमा पानीको बहाव अत्याधिक भई थप जोखिम उत्पन्न भएकोले संभावित धनजनको क्षति न्यूनिकरण गर्न लालमटियाबाट कर्णाली नदिको भंगालोको केहि भाग पानीलाई गेरुवा नदितर्फ निकास गराउन बर्दिया राष्ट्रिय निकुन्जलाई आवश्यक सहजिकरणको लागि अनुरोध गर्ने ।

निर्णय नं. २

कर्णाली नदीको बर्दिया तर्फका तिग्रा,ट्युनी,मुर्गहवा,सनकट्टीघाट, सतिघाट पुल लगाएतका १७ वटा स्थानमा दिगो र भरपर्दो तटबन्धकोलागि आवश्यक बजेट विनियोजन हुन संघीय सरकारसँग अनुरोध गर्ने ।

निर्णय नं. ३

बर्दिया र कैलालीको सम्पर्क आवत जावतको आधार रहेको सतीघाट पुल अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेकोले बर्दियातर्फ नदिको Span बढाई Guide Bund Area(मुख्यतया U/S Left Guide Bund) समेतको भरपर्दो तटबन्धका लागि हुलाकी सडक आयोजनालाई व्यवस्थापन गरि तत्काल कार्य अघि बढाउन नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय समक्ष अनुरोध गर्ने ।

निर्णय नं. ४

कर्णाली नदिको बायाँतर्फको तटबन्धन अन्तर्गत राजापुर नगरपालिका वडा नं. ३ तिघ्रा , वडा नं. १ टिउनी, गेरुवा गाँउपालिका, वडा नं. ३ सनकट्टी र गेरुवा गाँउपालिका वडा नं. २ बनघुस्रा लगाएतका स्थानहरुमा नदि कटानको कारणलले अति जोखिम हुने देखिएकोले ठूला साइजका बोल्डरको प्रयोग, बोरा प्रबिधि लगाएत स्थानिय बडघरहरुको परम्परागत प्रबिधि समेत प्रयोग गरि आपतकालिन नदि नियन्त्रणको कार्य गर्न स्थानिय तहसँग समेत समन्वय गरि कर्णाली नदि व्यवस्थापन आयोजनालाई निर्देशन गर्ने ।